# पूर्वीचौकी गाउँपालिका ,डोटी

## स्थानीय राजपत्र

भाग २

खण्ड ७ :संख्या : १५ मिति : २०८१/०८/०१

# सामुदायिक विद्यालयहरुमा स्कुल बस सञ्चालन तथा व्यवस्थापन कार्यविधी-२०८१

## सामुदायिक विद्यालयहरुमा स्कुल बस सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०८१

प्रस्तावनाः

पूर्वीचौकी गाउँपालिकाले सामुदायिक विद्यालयमा विद्यार्थीहरु ओसार-पसार गर्न यातायात सेवालाईसुरक्षित, आरामदायी र भरपर्दो बनाउने उद्देश्यले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२को अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

### परिच्छेद-१ प्रारम्भिक

संक्षिप्त नाम प्रारम्भ :

(१) यस कार्यविधिको नाम "सामुदायिक विद्यालयहरुमा स्कुल बस संचालन तथा व्यवस्थापनकार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

(३) परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः-

(क) "ऐन" भन्नाले स्थानीयसरकार सञ्चालन ऐन२०७४ लाई सम्झनु पर्दछ ।

(ख)स्थानीय शिक्षा ऐन भन्नाले गाउँपालिका बाट जारी गरेको स्थानीय शिक्षा ऐन, २०७५सम्झनु पर्दछ ।

(ग) कार्यविधि भन्नाले : सामुदायिक विद्यालयमा स्कुल बस संचालन तथा व्यवस्थापन कार्यविधि,२०८१ सम्झनु पर्दछ ।

(घ) सामुदायिक विद्यालय भन्नाले नेपाल : सरकारबाटअनुमति वा स्वीकृत पाई सञ्चालन भएकोसामुदायिक विद्यालय सम्झनुपर्दछ ।

(ङ) बिद्यालय व्यवस्थापन समिति भन्नाले : स्थानीय शिक्षा ऐन, २०७५ को दफा १२ को उपदफा१ वमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनुपर्दछ।

(च) प्र.अ. भन्नाले : विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्दछ ।

(छ) गाउँपालिका भन्नाले : नेपालको संविधान वमोजिम गठन भएको पूर्वीचौकी गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ज) कार्यपालिका भन्नाले : पूर्वीचौकी गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।



CamScanner

## परिच्छेद : ३

### स्कूल बसको मापदण्ड

(४) स्कुल बसको मापदण्ड विद्यालयले आफ्ना विद्यार्थीहरूको सुरक्षित विद्यालयले ओसार-पसार गराउन सञ्चालन गर्नेस्कुल बस निम्न अनुसारको मापदण्डको हुनुपर्नेछ:

(१) स्कूल बसको पहिचान निम्न मापदण्ड अनुसारको हुनुपर्नेछ ।

(क) स्कूल बसको बाहिरको रंग पहेंलो (Golden yellow) हुनुपर्नेछ ।

(ख)स्कूल बसको अगाडि र पछाडि "School Bus" कालो रंगले लेखिएको हुनुपर्नेछ ।

(ग) स्कूलको परिचय खुल्ने गरी १५० मि.मी. उचाइको गोल्डेन ब्राउन रंगमा स्कूलको नाम दुवैपट्टीझ्यालको लेभल भन्दा तल लेख्नु पर्नेछ ।

(घ) स्कूल बसमा कालो रंगमा बसकोअगाडी र पछाडी निम्न स्कूल बसको चिन्हलेखिएकोहुनुपर्नेछ।

(२) स्कूल बसले निम्न अनुसारको भौतिक मापदण्ड पूरा गरेको हुनुपर्नेछ ।

(क) आपतकालीन ढोका (Emergency Exits) सबै स्कूल बसहरुमा पछिल्लो आधा भागको,दाहिनेतिर(Emergency Exits) को व्यवस्था हुनुपर्नेछ । यसका साथै बसको पछिल्लो भागम Emergency Exits Breakable Glass को हुनुपर्नेछ । Emergency Exits को तल्लो लेभलबसको भूई सरहको र माथिल्लो लेभल झ्यालको माथिल्लो लेभल बराबरको हुनुपर्नेछ ।

(ख) सुरक्षा : स्कुल बस चलेको अवस्थामा सम्पूर्ण ढोका तथा Emergency Exits हरु बन्द गर्ने व्यवस्थागरी विद्यार्थीहरुको यात्रालाई सुरक्षित बनाउनुपर्नेछ।

(ग) झ्यालको ग्रिल :स्कूल बसको झ्यालमा कम्तिमा तीनवटा Horizontal Round Metal/Round Aluminun Tube को ग्रील स्कूलबसको दुवै साइडमा लगाइएको हुनुपर्नेछ ।

(घ) प्राथमिक उपचारबाकस :स्कुल बसमा देखिने ठाँउमा प्राथमिक उपचार बाकस (First Aid Kits)को व्यवस्था हुनुपर्नेछ ।

(ङ) अग्नि नियन्त्रण उपकरण: बसमा देखिनेठाउँमा अग्नि नियन्त्रण उपकरण (Fire Extinguisher )राखिएको हुनुपर्नेछ ।

(च) फोहरको व्यवस्थाः प्रत्येक स्कूल बसमा अनिवार्य रुपमा फोहर फ्याक्ने टोकरी राखिएको हुनुपर्नेछ ।

(छ) बसको ढोकाको चुकुल (Door Lock): बसको ढोकामा भरपर्दो चुकुल प्रणाली भएकोहुनु पर्नेछ ।

(ज) बसको प्राविधिक जाँचपास सार्वजनिक सवारी साधन सरहको हुनुपर्नेछ ।

(झ) झ्यालको सिसाः झ्यालको सिसामा कुनै पनि किसिमको रंग लेपन नगरी पारदर्शी हुनुपर्नेछ ।

(ज) बसको प्रवेशद्वारः स्कूल बसको प्रवेशद्वारको सबैभन्दा तल्लो सिढी जमिनमाथि ३०० मि.मि. भन्दाबढी हुनुहुदैन ।

(ट) बसको सिटहरुको अबस्थाः बसको सिटहरुको अवस्था दुरुस्त हुनुपर्ने वा सिटको कुनैपनि भागबाटतिखो वा धारिलो बस्तु बाहिर निस्किएको हुनुहुँदैन ।

(ठ) स्कूल ब्याग तखताः स्कूल ब्याग सुरक्षित किसिमले राख्नका लागि बस भित्र स्कूल व्याग तखताकोव्यवस्था हुनुपर्नेछ ।

(ड) बस सिटको रेखांकन (Layout): सम्पर्ण सिटहरु अगाडि फर्किएको (Forward Facing)हुनुपर्नेछ । चढ्ने ओर्लने सिढी (Step well): को छेउको सिटको अगाडि उचित किसिमकोछेकबारको व्यवस्था हुनुपर्नेछ ।

(५) स्कूल वस परिचालकः स्कूल बसमा परिचालकको व्यवस्था हुनुपर्नेछ ।सिट संख्या र बसको क्षमता स्कूल वसले बसको सिट संख्याअनुसार देहायको संख्यामा विद्यार्थी ओसारपसारगर्न पाउने छन्,

(क) १२ वर्षभन्दा मुनिका विद्यार्थीलाई बसकोसिट क्षमताभन्दा १.५ गुणा विद्यार्थी ओसार-पसार गर्नसकिनेछ ।

(ख) १२ वर्षभन्दा माथिका विद्यार्थीको हकमा सिट क्षमता बराबरको संख्यामा मात्र विद्यार्थी राखुपर्नेछ ।

(६) स्कूल बसमा विद्यार्थीहरुको विवरण

(क) प्रत्येक विद्यार्थीहरुको लागि स्कुल बसको नम्बर, रुट र बिसौनी उल्लेख गरेको विद्यार्थीको तस्वीरसहितको परिचय पत्र जारी गरेको हुनुपर्नेछ ।

(ख) बस चालकले विद्यार्थीहरुको पूर्ण विवरण सहितको सूची राख्नुपर्नेछ ।

(ग) सूचीमा विद्यार्थीको नाम, ठेगाना, कक्षा, रक्त समूह, रोक्नु पर्ने बिसौनी उल्लेख हुनुपर्नेछ ।

(घ) बसमा बस संचालनको मार्ग तालिका तथा समय सारिणी टाँस गरेको हुनुपर्नेछ ।

(७) **बसको गति सीमित हुनुपर्ने :** स्कूल बस कुनै पनि किसिमले अधिकतम ४० कि. मि. (चालिस किलोमिटर)प्रतिघण्टा भन्दा बढी गतिमा चलाउन पाईने छैन ।

(८) **स्टप चिन्ह (Stop Sign) :** बसको परिचालकले चाहिएको बेलामा विद्यार्थीहरुलाई ओराल्न, चढाउने वा बाटोकाट्ने प्रयोजनका लागि चाहिने ट्राफिक चिन्ह (Stop Sign) बस भित्र राखिएको हुनुपर्नेछ ।

(९) **धुम्रपान तथा मध्यपान गर्न नपाईने :** स्कूल बसमा कसैले पनि धुम्रपान तथा मध्यपान गर्न पाईने छैन ।

(१०) **बालश्रम निषेधः** स्कूल बस संचालनार्थ कुनै प्रकारको बालश्रम प्रयोग गर्न पाईने छैन ।

(११) **स्कुल बस चालक तथा परिचालक सम्बन्धी व्यवस्थाः**

(क) स्कूल बसका चालक तथासहचालक सम्बन्धी योग्यता वा अन्य मापदण्ड प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

(ख) स्कूल बसका चालक तथा परिचालकले सम्बन्धित, स्कूलले तोके बमोजिमको पोशाक र परिचय पत्रअनिवार्य लगाउनु पर्नेछ ।



CamScanner

## परिच्छेद-३दायित्व

(१२) विद्यालयको दायित्व

(क) अनुभवी चालकको व्यवस्था गर्ने ।

(ख) प्रत्येक विद्यार्थी एंव चालकलाई जान्ने गरी सामान्य ट्राफिक नियमका बारेमा समय समयमा जानकारीगराउनुपर्नेछ ।

(ग) स्केल वसको सार्वजनिक सवारी साधन सरह जाँचपास गराउनुपर्नेछ ।

(घ) विद्यालयले भाडाका वस लिंदा नियमित रुट (बाटो) बाहेक सवारी संचालन गालन गर्नु परेमा अनिवार्य रुपमापटके रुट (बाटो) इजाजत लिएको हुनुपर्नेछ ।

(ङ) विद्यालयले विद्यार्थि ओसार पसारमा प्रयोग हुने प्रत्येक स्कुल वसेको यातायात व्यवस्था कार्यालयमा (दर्ता) गराई अद्यावधिक गराउनुपर्नेछ ।

(च) वस सेवा सम्बन्धी गुनासो सुन्ने व्यक्तिको नाम र टेलिफोन नम्वर लेखेको हुनुपर्नेछ ।

(१३) सवारी चालकको दायित्व

(क) सवारी चालक अनुमतिपत्र र सवारी साधन सम्बन्धित सबै किसिमका कागजातहरु (सवारी दर्ता प्रमाणपत्र, वाटो इजाजतपत्र, सवारी जाचपासपत्र) साथमा राखुपर्नेछ ।

(ख) तोके वमोजिमको पोशाक र परिचय पत्र लगाएको हुनुपर्नेछ ।

(ग) चालकले कुनै पनि अन्य यात्रु, मालसामान र अनावश्यक व्यक्ति बोक्न पाइने छैन ।

(घ) चालकले ट्राफिक नियमको पालना गर्नुपर्नेछ ।

(ङ) सडकमा सवारी चलाउदा अत्यावश्यक सेवाका सवारीसाधनलाई प्राथमिकता दिनुपर्नेछ।

(च) चालकले सदैव एकजना परिचालक साथमै लिइ हिड्नुपर्नेछ । चालकले कुनै अभिभावकविद्यार्थी लिन नआएमा विद्यालयको जिम्मा लगाउनुपर्नेछ ।

(ज) सवारी चलाएको अवस्थामा मोवाईल वा इयरफोन (Earphone) को प्रयोग गर्न पाईने छैन ।कुनै पनि यौनजन्य दुर्व्यवहार नगर्ने नगराउने ।

(झ) कुनै पनि यौनजन्य दुर्व्यहार नगर्ने/नगराउने ।

### (१४) अभिभावक र विद्यार्थीको दायित्व

#### १) अभिभावकको दायित्व

(क) सडक सुरक्षाका लागि अभिभावक र विद्यार्थी दुवैको बराबरी जिम्मेवारी हुनेछ ।

(ख) विद्यालयले तोकेको बिसौनी र समयमा अभिभावकले विद्यार्थीहरुलाई पुराउनु तथा ल्याउनु पर्नेछ

(ग) पूर्व प्रायमिक तहका विद्यार्थीहरुको हकमा अभिभावकले वैकल्पिक व्यक्तिलाई विद्यार्थी पुरयाउनुतथा लिन पठाउँदा परिचय खुल्ने प्रमाण दिएर पठाउनु पर्नेछ ।

(घ) चालकले सवारी नियम तथा यस निर्देशिका विपरीत सवारी चलाएको पाइएमा अभिभावकले तुरुन्तविद्यालय प्रशासन र नजिकको प्रहरीलाई खवर गर्नु पर्नेछ ।

(ङ) अभिभावकले चालकसंग अनावश्यक विषयमा कुरा गर्ने र प्रभावमा पार्नु हुदैन ।

(च) अभिभावकले अन्य विद्यार्थीलाई प्रभावमा पार्ने अनावश्यक चासो राख्नु हुदैन । ॥

#### २) विद्यार्थीहरुको दायित्व

(क) आफू यात्रा गर्ने सवारी साधनमा फोहर नगर्ने, आपसमा मिलेर वस्ने, झ्यालबाट फोहोर नफाल्ने र चालकसंग भद्र व्यवहार गर्ने दायित्व सम्वन्धित विद्यार्थीको हुनेछ ।

(ख) चालकले सवारी नियम उल्लघंन गरेको देखेमा तुरुन्त विद्यालय प्रशासन वा नजिकको प्रहरीलाई खवर गर्नुपर्नेछ ।

(ग) ट्राफिक संकेत सम्वन्धी जानकारी राखी सवारी नियम पालना गराउन सम्वन्धित पक्षलाईसचेतना जगाउन मार्ग दर्शकको भूमिका निर्वाह गर्ने ।



CamScanner

## परिच्छेद : ४

### अनुदान सम्बन्धी व्यवस्था

(१५) स्कुल बस खरिदमा गाउँपालिकाको अनुदानः

क) पूर्वीचौकी गाउँपालिकाले सामुदायिक विद्यालयहरुमा स्कुल बस सञ्चालन तथा व्यवस्थापन गर्न स्कुल बस खरिद गर्नका लागि ४० प्रतिशत रकम विद्यालयलाई अनुदान उपलब्ध गराउने छ । यसरी अनुदान बापतको रकम गाउँपालिकाले सम्बन्धित विद्यालयको खातामा निकासा गर्नेछ ।

ख) विद्यालयले स्कुल बस खरिद गरिसकेपछि दफा १७ बमोजिम अनुगमन समितिको सिफारिसका साथै सोही आ.व. भित्र स्कुल बस खरिद गरेको कागजात तथा विल भरपाईको प्रमाणित प्रतिलिपि समावेश गरी वि.व्य.स बाट निर्णय सहित गाउँपालिकामा ४० प्रतिशत अनुदान माग गर्नु पर्नेछ ।

ग) विद्यालयहरुलाई उपलब्ध गराउने अनुदान रकम कार्यपालिकाको निर्णय अनुसार रहनेछ।

घ) विद्यालयहरुले नेपाल सरकारको नियामानुसार नयाँ वस खरिद गरेपछि मात्र अनुदानको लागि दावी पेश गर्न सक्नेछन् ।

ङ) गाउँपालिकाबाट एक सामुदायिक विद्यालयलाई एउटा बसका लागि मात्र अनुदान उपलब्ध गराइने छ ।

(१६) स्कुल बस संचालन र व्यवस्थापन गर्ने दायित्व वि.व्य.स. को हुनेछ ।



CamScanner

## परिच्छेद -५

## अनुगमन तथा मुल्यांकन सम्बन्धी व्यवस्था

**(१७) अनुगमन तथा मुल्यांकन समितिः**

(१)कार्यक्रम संचालनका लागि तोकिए **बमोजिमको स्कुल बस** खरिदमा अनुदान कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नको लागि **तपसिल बमोजिमको एक** अनुगमन तथा मूल्यांकन समिति रहनेछः

| | |
|---|---|
| क) गाउँपालिकाको उपाध्यक्ष | - संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ग) सामाजिक विकास समितिको **संयोजक** | - सदस्य |
| घ) जिन्सी शाखा प्रमुख वा **प्रतिनिधि** | - सदस्य |
| ङ) आर्थिक प्रशासन शाखा **प्रमुख वा प्रतिनिधि** | - सदस्य |
| च) योजना शाखा वा प्रतिनिधि | - सदस्य |
| छ) शिक्षा शाखा प्रमुख | - सदस्य सचिव |

समितिको बैठकमा आवश्यकता **अनुसार अनुदानमा वितरण** गरिने स्कुल वससंग सम्वन्धित प्राविधिक कर्मचारी वा अन्य **आवश्यकता अनुसार आमन्त्रण** गर्न सकिनेछ ।

२) अनुगमन तथा मूल्यांकन **समितिको काम, कर्तव्य र अधिकार देहाय** बमोजिम हुनेछः

क. गाउँपालिकाको स्वीकृत **कार्यक्रम अनुसार अनुदानमा** वितरण गरिने स्कुल वसको यस कार्यविधिमा तोकिएको **मापदण्ड बमोजिमको खरिद** भए वा नभएको अनुगमन गरि अनुदान वापतको रकम भुक्तानीको **लागि गाउँ कार्यपालिकालाई** सिफारिस गर्ने।

ख. अनुदानमा खरिद हुने स्कुल **वससँग सम्वन्धित विषयको** अनुगमन तथा मूल्याकंनसँग सम्वन्धित प्रतिवेदन पेश गर्ने ।

ग. समितिको बैठक आवश्यकता **अनुसार तोके बमोजिमकव** हुनेछ ।

## परिच्छेद-६विविध

(१८) **विविधः**

क) कार्यविधिमा कार्यान्वयन गर्ने सिलसिलामा कुनै द्विविधा देखिए यातायात व्यवस्था विभागको निर्णय अन्तिम हुनेछ ।

ख) कार्यविधिमा भएको व्यवस्थाहरु उल्लङ्घन गरीएको पाईएमा सवारी तथा यातायात व्यवस्था ऐन, नियम अनुसार कारवाही हुनेछ ।

ग) यो कार्यविधि अन्य कुनै प्रचिलित कानुनसंग वाझिएको हकमा वाझिएको हदसम्म अमान्य हुनेछन् ।

(१९) **वाधा अड्काउ फुकाउने अधिकारः**

यस कार्यविधिमा कुनै द्विविधा उत्पन्न भएमा सो को व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

(२०) **बचाउः**

यस कार्यविधिमा जारी हुनुपूर्व भएका यसै संग सम्वन्धित कार्यक्रमका कामहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(२१) **संसोधन वा खारेजीः**

गाउँ कार्यपालिकाले आवश्यकता बमोजिम यस कार्यविधिलाई संसोधन वा खारेजी गर्न सक्नेछ । साथै प्रचिलित नेपाल कानुनसँग बाझिएकोमा त्यसरी बाझिएको हदसम्म अमान्य हुनेछ ।

.............

आज्ञाले

विक्रम श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत



CamScanner